# अर्थ (मालपोत) मन्त्रालयको विज्ञप्ति

यो साल छुट्टा भर्ता परेको उजुर भाई जाँच गर्ने आदेश भै भएकोमा सप्तरी, महोत्तरी, सर्लाही, गोस्वाराबाट जाँच भै आएको भर्ताको तेरीज फाँटवारी र स्थानीय माल बडाहाकिमको रायसमेत पेश हुँदा जाँच भएका रीतपूर्वकको कारणसहित नआए पनि माल गोस्वारामैं जाँची भर्ता परेको भनी स्थानीय बडाहाकिम समेतले लेखेका हुँदा मेलप हुयहा ठेकामा लागेको र खिट जम्माको र अमानतबाहेक अतनि लगापि दाखिल गरी शेष कसर खान पाउने सनद् भै खाई आएको गुठीको र खस दावी जनाउन नसकेको जग्गाको समेत भर्ता मिनाहा नपाउने बाहेक सो जाँचमा आठ आना साम भर्ता परेको भनी लेखेकोलाई र जाँचै नगराए नभएकोलाई मिन्हा हुन सक्दैन आठआना देखि माथि बारआनासम्म भर्ता परेकोलाई चार आना र बारआनादेखि माथि पन्ध्र आना मुनिलाई ६ आना दरले, पन्ध्र आना र त्यसभन्दा बढी भर्तालाई दशआनाका दरले पोतमा मिनाहा दिने गरी निर्णय भएको हुँदा यो विज्ञप्ति जारी गरिएको छ। सरोकारवाला अड्डाहरूले पनि लेखेबमोजिम छ गराउनुहोला।

आज्ञाले—

श्रीराम,

सेक्रेटरी-अर्थ (मालपोत) मन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।